# त्रिभुवन विश्वविद्यालय
# रजिस्ट्रारको कार्यालय
# सूचना तथा जनसम्पर्क महाशाखा

कीर्तिपुर,काठमाडौं
नेपाल ।
फोन नं. ४३३०३४६


८ पुस, २०७८

## त्रिभुवन विश्वविद्यालयको हिउँदे विदा सम्बन्धी जरुरी सूचना ।

विश्वव्यापी रूपमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण तिब्र भइरहेको समयमा त्रिभुवन विश्वविद्यालय अन्तर्गतका निकायहरूमा विद्यार्थीहरूको नियमित पठन पाठन एवं शैक्षिक सत्र प्रभावित नहोस् भन्ने अभिप्रायले जोखिम नियन्त्रणकालागि पूर्वतयारी एवं सतर्कता अवलम्बन गर्दै हिंउदे तथा बर्षे विदाहरूमा समेत परिस्थिति अनुकुल सम्भव भएसम्म भौतिक उपस्थितिमा र अनलाइनका माध्यमबाट नियमित कक्षा सञ्चालन एवं परीक्षा सञ्चालन लगायतका शैक्षिक गतिविधि सञ्चालन गर्ने व्यवस्था गरिएकोमा चालु शैक्षिक सत्रको हकमा विद्यार्थीहरूको नियमित पठन पाठन, परीक्षा एवं नियमित शैक्षिक गतिविधिमा प्रतिकूल प्रभाव नपर्ने गरी आ-आफ्नो क्याम्पसमा सञ्चालित कार्यक्रमहरूको शैक्षिक सत्रलाई मध्यनजर गरी २०७८ पौष तेश्रो हप्तादेखि क्याम्पस/विभागबाटै सूचना प्रकाशन गरी तपशील बमोजिम गर्न/गराउन कार्यकारी परिषद्को मिति २०७८।०९।०१ को बैठकको निर्णय (निर्णय नं. १२०५) अनुसार सम्बन्धित सबैको जानकारीकालागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशील:-**

१) नियमित परीक्षा सञ्चालन यथावत गराउने ।

२) निकटमै परीक्षा हुने भई पठनपाठन अनिवार्य देखिएका कार्यक्रमहरूको कक्षा यथावत सञ्चालन गर्ने ।

३) नियमित पठनपाठन सम्पन्न भइसकेकाहरूको हकमा शैक्षिक सत्रमा असर नपर्ने गरी बढीमा १५ दिन हिउँदे विदा दिने ।

४) नियमित कक्षा सञ्चालनमा संलग्न हुनुपर्ने भई हिउँदे विदा नपाउने शिक्षकहरूलाई सट्टा विदाको व्यवस्था गर्ने ।

योगेन्द्रप्रसाद दाहाल
प्रमुख